पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

बैठक संख्या:

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, हुवास, पर्वत

# गाउँ कार्यपालिकाको बैठक

मितिः २०७७।०६।१९ र २० गते

निर्णयहरू

१. यस गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ समेतको सार्वजनिक सुनुवाई यहि असोज महिनाको ३० गते यस गाउँपालिका, वडा नं. ४ स्थित श्री जनसेवा संस्कृत माध्यमिक विद्यालयको हलमा गर्ने गरी तय गर्ने र विद्यमान कोभिड १९ को संक्रमणको जोखिमलाई मध्यनजर गर्दै सो कार्यक्रममा तोकिएका व्यक्तिहरूलाई मात्र आमन्त्रण गर्ने ।

२. यस गाउँपालिकाको प्रवक्तामा वडा नं. ७ का वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्य श्री भिमबहादुर गुरूङलाई तोक्ने ।

३. वडा नं. ४ मा गत आर्थिक वर्षमा सम्पन्न योजना तथा कार्यक्रमहरूको विषयमा गलत प्रचार भईरहेको भन्ने विषयमा आवश्यक छानविन गरी एक महिनाभित्र गाउँ कार्यपालिकामा प्रतिवेदन पेश गर्न गाउँपालिकाका अध्यक्ष श्री खगेन्द्रप्रसाद तिवारी, उपाध्यक्ष श्री जसमती गुरूङ, प्रवक्ता श्री भिमबहादुर गुरूङ र वडा नं. ५ का वडा अध्यक्ष श्री उमाकान्त भुर्तेल सम्मिलित समिति गठन गर्ने ।

४. नेपाल सरकार, युवा तथा खेलकूद मन्त्रालय, सिंहदरबारको मिति २०७७।०६।०५ मा प्रकाशित सूचना एवम् स्थानीय तहमा खेलकूद पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि, २०७५ बमोजिम यसै गाउँपालिका वडा नं. ४ गल्छिनाको सरकारी जग्गामा खेलकूद पूर्वाधार निर्माण गर्नको लागि मन्त्रालयमा प्रस्ताव पेश गर्ने । सो खेलकूद पूर्वाधार निर्माणका लागि कार्यविधि बमोजिम स्थानीय तहले गर्नुपर्ने साझेदारी रकम सम्बन्धमा समेत सुनिश्चतता गरी पठाउने ।

५. गण्डकी प्रदेश, सामाजिक विकास मन्त्रालय, पोखराको मिति २०७७।०६।१३ मा प्रकाशित सूचना तथा सोही मन्त्रालयको एक स्थानीय तह एक खेलमैदान/ रंगशाला निर्माण सम्बन्धी मापदण्ड, २०७७ बमोजिम यस गाउँपालिकाको लागि वडा नं. २ (त्रिवेणी) मा खेलमैदान निर्माण गर्नको लागि सो मन्त्रालयमा प्रस्ताव पेश गर्ने । सो कार्यको लागि नियमानुसारको लागत साझेदारीको समेत सुनिश्चतता गरी पठाउने ।

६. गण्डकी प्रदेश, सामाजिक विकास मन्त्रालय, पोखराको मिति २०७७।०६।१३ मा प्रकाशित सूचना तथा सोही मन्त्रालयको धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्त्वका क्षेत्रहरूको संरक्षण सम्बन्धी मापदण्ड, २०७७ बमोजिम यस गाउँपालिकाको लागि वडा नं. ३ पालुस्थानमा रहेको आदिमकालीन मन्दिरक्षेत्र समेतका प्राकृतिक संरचनाहरूको संरक्षण



नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

गर्नको लागि सो मन्त्रालयमा प्रस्ताव पेश गर्ने । सो कार्यको लागि नियमानुसारको लागत साझेदारीको समेत सुनिश्चतता गरी पठाउने ।

७. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, पोखराको मिति २०७७।०६।०५ मा प्रकाशित सूचना बमोजिम जग्गा चक्लाबन्दी कार्यक्रममा भाग लिन चाहने इच्छुक कृषकहरूको नामावली संकलन गरी समयसीमा भित्रै गाउँ कार्यपालिकाको कार्यालयमा लेखी पठाउन सो सूचना तथा गण्डकी प्रदेश सरकारको जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ समेत संलग्न गरी सबै वडा कार्यालयहरूमा पठाउने ।

८. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, पोखराको मिति २०७७।०६।१३ मा प्रकाशित सूचना बमोजिम कित्तानापी नक्सामा सार्वजनिक बाटो अध्यावधिक गराउनको लागि बाटोहरूको लगत समयसीमा भित्रै यस कार्यालयलाई उपलब्ध गराउने गरी लेखी पठाउन सबै कागजातहरू संलग्न राखी वडा कार्यालयहरूमा पठाउने ।

९. संलग्न बमोजिमको यस गाउँपालिकाको **वस्ती विकास, शहरी योजना तथा भवन निर्माण कार्यविधि, २०७७** स्वीकृत गर्ने ।

१०. यस गाउँपालिकाको वस्ती विकास, शहरी योजना तथा भवन निर्माण कार्यविधि, २०७७ कार्यान्वयन गर्दा कार्यविधिमा उल्लेख नभएका अन्य प्राविधिक विषयहरु नेपालको राष्ट्रिय भवन निर्माण संहिता, २०६० बमोजिम गर्ने ।

११. यस गाउँपालिकाको हुवास बजार क्षेत्र र गाउँ कार्यपालिकाको कार्यालयमा सीसी क्यामेरा जडान गर्ने र सोको लागि आवश्यक बजेट चालू आर्थिक वर्षको **मर्मत सम्भार तथा भैपरी** खर्च शीर्षकबाट व्यवस्थापन गर्ने ।

१२. यसै गाउँपालिका वडा नं ४ मा रहेको हुवास प्रहरी चौकीमा तारवार लगाउन आवश्यक तारजाली गाउँ कार्यपालिकाको कार्यालयले उपलब्ध गराउने ।

१३. चालू आर्थिक वर्षका योजना तथा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । योजना कार्यान्वयनमा नियमानुसारका सबै प्रकृयाहरू पूरा गरेर मात्र गाउँ कार्यपालिकाको कार्यालयलाई सिफारिस गर्न वडा कार्यालयहरूलाई लेखी पठाउने । योजना तथा कार्यक्रमहरूको भुक्तानी गर्दा नियमानुसारको निर्णयः सर्भे डिजाइनः प्राविधिक इष्टिमेटः सम्झौताः अनुगमन/मूल्यांकन र प्राविधिकको बील बमोजिम मात्र भुक्तानी गर्ने । सबै प्रकृया नपुगेका योजना तथा कार्यक्रमहरूको भुक्तानी नगर्ने ।

१४. चालू आर्थिक वर्षका योजना तथा कार्यक्रमहरूको नाम तथा कार्यान्वयन स्थलमा तात्विक फरक नपर्ने गरी सामान्य त्रूटी भएमा सो त्रूटीहरू सच्याउन लेखी पठाउन वडा



नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यालयहरूलाई लेखी पठाउने । सामान्य नाम सम्बन्धी त्रूटीहरू अर्को बैठकमा सच्याउनको लागि पेश गर्ने ।

१५. योजना तथा कार्यक्रमहरूको कार्यान्यनको लागि उपभोक्ता समितिहरू गठन गर्दा सरोकारवाला सबै नागरिकहरूको आम भेलाबाट गर्ने । आम भेलामा सम्भव भएसम्म गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षलाई उपस्थित गराउने । आम भेलाको अध्यक्षता अनिवार्य रूपमा वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यले गर्ने । जनप्रतिनिधि वाहेकका व्यक्तिहरूले अध्यक्षता गरेको आम भेलाबाट छनौट भएको उपभोक्ता समितिलाई मान्यता नदिने ।सम्बन्धित वडा सचिवलाई सबै उपभोक्ता समिति गठनमा उपस्थित गराई निजबाटै आम भेलाको निर्णयहरू प्रमाणीकरण गराउने । शैक्षिक संस्थाहरू, आमा समूहहरू तथा सहकारी संस्था तथा जिल्ला प्रशासनमा दर्ता भई प्रत्येक वर्ष नवीकरण भएका संस्थाहरूका लागि विनियोजित योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्दा छुट्टै उपभोक्ता समिति गठन नगर्ने, सम्बन्धित व्यवस्थापन समिति, सञ्चालक समिति तथा कार्यसमितिबाट नै योजना तथा कार्यक्रम कार्यान्वयन गराउने ।

१६. वडा कार्यालयहरुबाट सम्पादन हुने कामकारवाहीहरूमा एकरूपता तथा प्रभावकारिता अभिबृद्धि गर्ने । सबै कानूनी प्रकृयाहरू अवलम्बन गरी सेवा प्रवाह गर्ने । सेवाप्रवाहलाई छिटो छरितो र झन्झटरहीत बनाउने । कार्यालयमा दर्ता, चलानी गरेर मात्र पत्र व्यवहार गर्ने । गाउँपालिकाको आर्थिक ऐन बमोजिमको दस्तुर उठाउने । यी कामकारवाहीहरूमा वडा सचिवहरूलाई जिम्मेवार बनाउने ।

१७. यस गाउँपालिका शिक्षा समितिको निर्णयले खरीद भई आएका विद्यालयहरूमा वितरण भएका स्वास्थ्य सामग्रीहरूको खरीद रकम कूल २२७०००।- गाउँपालिकाको कोरोना संक्रमण, रोकथाम र उपचार कोषबाट नियमानुसार भुक्तानी दिने ।

१८. गाउँ कार्यपालिकाको कार्यालयबाट जारी भएका विद्यालयहरूका लागि लेखापरीक्षकहरूको सूचिमा आवद्ध हुन इच्छुक लेखापरीक्षकको नामावली माग सम्बन्धी सूचना, कोभिड अस्थाई अस्पतालको लागि डाक्टर र नर्स माग गरिएको सूचना तथा गाउँपालिकाको पूर्वाधार उपयोग दस्तुर संकलनको ठेक्का आह्वान सम्बन्धी सूचनाहरुको विषयमा बैठकमा जानकारी भयो ।

१९. सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशबाट माग भई आएका पुरातात्विक महत्वका धरोहरहरूको विवरण सो मन्त्रालयमा पठाउनको लागि सबै वडा कार्यालयहरूलाई मन्त्रालयको पत्र सहित लेखी पठाउने र वडा कार्यालयहरूबाट विवरण प्राप्त भए पश्चात गाउँ कार्यपालिकाको कार्यालयबाट आवश्यक छानविन गरी मन्त्रालयमा अन्तिम विवरण पठाउने ।



नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

पैयूं गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

२०. गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका सबै कार्यालयहरूमा पत्रव्यवहार गर्दा सूचना प्रविधिको भरपूर उपयोग गर्ने । सबै कार्यालयहरूलाई द्रूत इन्टरनेटको पहूँचमा पुर्याउने । सबै कर्मचारीहरूले अनिवार्य रूपमा सूचना प्रविधिको उपयोग गरी छिटो छरितो सेवा प्रवाह गर्ने । सम्भव भएसम्म जनप्रतिनिधिहरूलाई सूचना प्रविधिको उपयोग गरी सेवा प्रवाह गर्न र सूचना प्राप्त गर्न अभिप्रेरित गर्ने ।

२१. यसै गाउँपालिका वडा नं. ३ मा आकस्मिक रूपमा निर्माण गर्नुपरेको कोभिड १९ क्वारिन्टाइन अस्थायी शौचालयको निर्माण खर्च रू १९००००।– कोरोना संक्रमण, रोकथाम र उपचार कोषबाट भुक्तानी गर्ने ।

२२. यस कार्यालयबाट भूसेवा सञ्चालन गर्ने र सो सेवाप्रवाहका लागि देहाय बमोजिमको दस्तुर लिने ।

**भूसेवा केन्द्र सञ्चालन शुल्क**

| क्र.सं. | शीर्षक | शुल्क |
|---|---|---|
| १ | रजिष्ट्रशन पास लिखत | ५०० |
| २ | नामसारी लिखत | ५०० |
| ३ | श्रेष्ता दाखिल खारेज | ५०० |
| ४ | संशोधन/ घर कायम | निःशुल्क |
| ५ | फोटो टाँस | निःशुल्क |
| ६ | तीन पुस्ते कायम | २०० |
| ७ | श्रेस्ता प्रतिलिपी | ३०० |
| ८ | रोक्का/ फुकुवा | ५०० |

२३. यस कार्यालय अन्तर्गतको आयुर्वेद सेवा केन्द्रको संलग्न वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

२४. संलग्न बमोजिमको स्थानीय रेविज खोप व्यवस्थापन तथा कुकुर वन्ध्याकरण कार्यक्रम कार्यविधि, २०७७ स्वीकृत गर्ने ।

२५. संलग्न बमोजिमको स्थानीय वाच्छा/ पाडापाडी संरक्षण र सुत्केरी पशुको लागि सुत्केरी पोषण भत्ता वितरण कार्यक्रम कार्यविधि, २०७७ स्वीकृत गर्ने ।

२६. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन सम्बन्धमा बैठकमा जानकारी भयो ।

२७. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्थानीय तहहरूलाई जारी गरेको ६१ बुँदे आदेशका सम्बन्धमा बैठकमा जानकारी भयो । सेवाप्रवाह गर्दा तथा विकास निर्माणका कार्यहरू गर्दा आयोगका आदेशहरूलाई पालना गर्ने र हालसम्म ती



नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

जैमू गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

आदेशहरूको पालना सम्बन्धमा यस कार्यालयबाट सम्पादित कामकाजहरूको विवरण आयोगमा लेखी पठाउने ।

२८. यस गाउँपालिका क्षेत्रभित्र उपलब्ध हुने नदीजन्य निर्माण सामग्रीहरूको उत्खनन गर्नको लागि गरिने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को लागि संलग्न बमोजिमको कार्यशर्त (ToR- Terms of Reference) स्वीकृत गर्ने ।

२९. यस गाउँपालिकाका निर्वाचित पदाधिकारीहरूलाई गण्डकी प्रदेश सरकारको **गाउँ सभा, नगर सभा तथा जिल्ला समन्वय समितिका सदस्यहरूले पाउने सुविधा सम्बन्धी ऐन,** २०७७ बमोजिम उपलब्ध गराउनु पर्ने सुविधाका लागि पदाधिकारी सुविधा शीर्षकमा रकम अपुग हुन आएकाले आउँदो गाउँ सभाबाट अनुमोदन गर्ने गरी हालका लागि गाउँपालिकाको सञ्चित कोषमा रहेको रकमबाट रू ७० लाख पदाधिकारी सुविधा शीर्षकमा विनियोजन गर्ने ।

३०. गण्डकी प्रदेश सरकारको समेत सहयोगमा यस गाउँपालिकाको आवधिक योजना निर्माण गर्न प्रकृया थाल्ने । गाउँपालिका भित्रका मुख्य मुख्य सडकहरू, गाउँ कार्यपालिकाको कार्यालय समेतको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्य अविलम्ब प्रारम्भ गर्ने ।

३१. कार्यालयमा कार्यरत कर्मचारीहरूको लागि आवश्यकतामा आधारित रही दुई पाँग्रे सवारी साधनहरूको व्यवस्थापन गर्दै जाने ।

३२. यस गाउँपालिका अन्तर्गतका देहाय बमोजिमका कच्ची बाटोहरू वर्षायामको पहिरोले अवरूद्ध भएकाले प्रत्येक बाटोमा दुई लाख ननाघ्ने गरी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष समेत प्राविधिकहरूको टोलीले अनुगमन गरी बाटो सफा गर्नको लागि गाउँपालिकाको मर्मत सम्भार तथा भैपरी कोषबाट बजेट व्यवस्था गर्ने ।

<u>देहाय</u>

a. नेवारनी भञ्याङ-मर्दिखोला-धरमपानी-कोखे सडक खण्डको कोखे पहिरो
b. सरौं-साधने-सिल्ले-सडक खण्डको भारती पँधेरोमा भएको पहिरो
c. त्रिवेणी-उववारी-रातो छहरा सडकखण्डको माकुरे गैराको पहिरो

३३. यस गाउँपालिका अन्तर्गतका स्थायी वासिन्दाहरू जो हाल गाउँपालिका बाहिर रहेका छन्, ऊनीहरूलाई विद्यमान कोभिड १९ को कारणले गर्दा यस वर्षका दशैं र तिहार चाडपर्वहरू सकेसम्म सोही स्थानमा नै रही मनाउन र यस गाउँपालिका भित्र रहेका वासिन्दाहरूलाई समेत दशैं र तिहारको अवसरमा अनावश्यक भिडभाड,जमघट नगर्न र दशैंको अवसरमा गाउँपालिका क्षेत्रभित्रका मठमन्दिरमा हुने पूजाआजा समेत भिडभाड नगरी पूजारी र एकाध मानिसहरूको संलघ्नतामा गरिदिनको लागि सरोकारवाला सबैमा अनुरोध गर्ने ।

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

३४. अत्यावश्यक कामको लागि पोखरा तथा काठमाण्डौं जस्ता सहरहरूबाट यस गाउँपालिकामा प्रवेश गर्न चाहने सबै नागरिकहरूले सम्बन्धित वडा अध्यक्षको अनिवार्य सहमति लिएर मात्र प्रवेश गर्नुपर्ने र सम्बन्धित वडा अध्यक्षले भरपर्दो होम क्वारिण्टिनको व्यवस्था गराउन लगाएर गाउँपालिका प्रवेशको अनुमति दिने ।

३५. कोभिड १९ को संक्रमणको शंका लागेका व्यक्तिहरूको पि.सि.आर. परीक्षणको लागि ६० थान भि.टि.एम्. कोरोना संक्रमण, रोकथाम र उपचार कोषबाट खरीद गर्ने ।

३६. यसै गाउँपालिका वडा नं. ३ निवासी प्यारालाइसिस रोगबाट थला परेका विरामी श्री धनराज खड्कालाई रू २५०००।— आर्थिक सहयोग गर्ने ।

-0-

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३